**आदरणीय गाउँ सभा अध्यक्ष तथा सदस्य ज्यूहरु ।**

फक्ताङलुङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस पाँचौ गाउँसभामा आगामी आर्थिक वर्ष २०७६/७७ को बजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरेको छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरु तथा राष्ट्रपति समर्पित दिवङ्गत आदरणीय नेताहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका महान नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

चालु आर्थिक वर्षको फक्ताङलुङ गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सबै फक्ताङलुङवासीका लागि काम र रोजगारीका अवसर, आधारभूत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको सुनिश्चित हुँदैछ ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष हासिल भएका उपलब्धिहरु संस्थागत गर्दै स्थानीय नागरिकका सामाजिक र आर्थिक हित सम्वर्द्धन गर्न समान अधिकार, समान अवसर, स्रोत तथा साधनको समन्यायिक वितरण र सामाजिक सुरक्षाको व्यवस्थामा विशेष ध्यान दिएको छु ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, बजेट तर्जुमा दिग्दर्शन, पेश भएको नीति, कार्यक्रमहरुलाई मुख्य आधार बनाएको छु । बजेट तर्जुमाको क्रममा स्थानीय राजस्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति लगायतका विभिन्न विषयगत समिति र संघसंस्था एवम् विद्धतवर्गबाट प्राप्त रचनात्मक सुझावहरुलाई ध्यान दिएको छु ।

**आदरणीण गाउँ सभाका अध्यक्ष तथा सदस्यज्यूहरु,**

अब म गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउनु अनुमति चाहन्छु ।

चालु आर्थिक वर्षमा संवैधानिक रुपमा स्थानीय सरकारको हैसियत प्राप्त यस गाउँपालिकाले मिति २०७५ आषाढ ३० गतेको तेस्रो गाउँसभाबाट कुल रु.३१,५६,५६,०००।- को नीति, कार्यक्रम तथा बजेट पारित गरी कार्यान्वयन गरिरहेकै अवस्थामा पुनः चैत्र ११ गते सम्पन्न चौथो गाउँ सभाबाट कुल रु.२,९४,५६,७४०।- को संशोधन सहितको बजेट कार्यान्यवन भइरहेको अवस्था सबै गाउँसभाको सदस्य ज्यूहरुलाई विदितै छ ।

समिक्षा अवधि सम्मको कुल वास्तविक चालु खर्च रु. ४,२६,४१,९३७।- हुन गई ९५ प्रतिशतको प्रगति देखिन्छ । त्यसै गरी कुल यथार्थ पुँजीगत खर्च तर्फ रु.१२,२५,३९,४६५।- हुन गई ८५ प्रतिशत हुन गई समग्रमा सन्तोषजनक प्रगति देखिन्छ । आर्थिक वर्षको अन्त्यसम्ममा माथि उल्लेखित सबै सूचकहरुमा सकारात्मक परिवर्तन हुने निश्चित छ ।



Scanned by CamScanner

त्यसै गरि आन्तरिक आय तर्फ समिक्षा अवधिसम्ममा रु.१८,९५,०००।- संकलन गर्न सफल भएका छौं । जुन गत आ.व.को वास्तविक संकलन भन्दा केही प्रतिशतले बढी हुन आउँछ । चालु आर्थिक वर्षको अन्त्यसम्ममा यो अंक अझ बढ्ने निश्चित छ ।

**आदरणीय गाउँ सभाका अध्यक्ष तथा सदस्यज्यूहरु**

अब म विषय क्षेत्रगत नीति तथा कार्यक्रमको समिक्षा पेश गर्न चाहन्छु ।

(क) आर्थिक क्षेत्रः- यस गाउँपालिका क्षेत्रको कृषि, पशु, पर्यटन जस्ता आर्थिक विकासका पक्षहरुको प्रवर्द्धनमा चालु आ.व.मा लिइएका नीतिहरु संतोषजनक नै रहेका छन् । यस अवधिमा कृषि तर्फ व्यवसायिक विकासका लागि केही नयाँ पकेट तथा ब्लकहरुको निर्माण भएका छन् । साना सिंचाइ योजनाहरुको कार्यान्वयन मार्फत सिंचाइ सुविधामा विस्तार भएको छ । व्यवसायिक पशु पालनमा जोड दिन नियमित उपचार सेवा, गोठ सुधार, पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर, तालिम, व्यवसायिक बाख्रा, बंगुर पालन, पोषण युक्त वस्तु दुधको सबैमा पहुँच पुऱ्याउनु गाइ पाल्ने संस्कृतिको विकास भइ अपेक्षित उपलब्धी हासिल भएको छ ।

(ख) सामाजिक क्षेत्रः- यस गाउँपालिका क्षेत्रमा विद्यालयहरु मार्फत गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने कार्यमा गाउँपालिका प्रतिबद्ध छ । विभिन्न लक्षित कार्यक्रम खास गरि वालबालिका लक्षित कार्यक्रम अन्तर्गतका कार्यहरु विद्यालयहरुमा संचालन भइ केही भौतिक पूर्वाधारहरु निर्माणमा सहयोग पुगेको छ । गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य संस्था, खोप केन्द्रहरुको सेवा विस्तारमा सुधार भएको छ । यसै आ.व.को अन्त्य देखि सुरक्षित प्रसुती व्यवस्था मिलाउन बर्थिङ सेन्टरमा गइ गर्भवती महिलाले प्रसुती गराएमा थप प्रोत्साहन भत्ताको व्यवस्था मिलाएका छौं । शिक्षा क्षेत्रमा आधारभूत तह कक्षा-८, मावि तह कक्षा १० को वार्षिक परीक्षा नतिजामा उत्कृष्ट हुने छात्रछात्रालाई छात्रवृत्ति पुरस्कार तथा दलित विद्यार्थीहरुलाई उच्च शिक्षा पढ्न आर्थिक सहयोग उपलब्ध गराउने कार्यको थालनी भएको छ । महिला, वालबालिका, आदिवासी जनजाती, जेष्ठ नागरिक, अपाङ्ग, दलित लगायतका समुदायको उत्थान र उन्नयनका लागि उल्लेख्य कार्यक्रमहरु संचालन भइ समावेशी विकासमा योगदान पुगेको विश्वास लिन सकिन्छ । खण्डीकृत तथ्याङ्कको अभावमा परिमाणात्मक प्रगतिको समीक्षा गर्न सकिएको छैन । एकीकृत घुम्ती शिविर सिंवा बजार र दुर्गम हिमाली बस्ती याङमामा सञ्चालन गरी नागरिकको हक अधिकार तथा सेवा प्रवाह सुनिश्चित गरिएको छ ।

(ग) पूर्वाधार क्षेत्रः- चालु आ.व.मा गाउँको बजेटको ठुलो हिस्सा पूर्वाधारमा लगानी भई यातायात पहुँचमा उल्लेख्य सुधार भएको छ । विकट भूगोल, छरिएको वस्ती, सार्वजनिक सुविधामा पहुँच विस्तार तथा तमोर नदीमाथि विभिन्न स्थानहरुमा अस्थायी मोटरेवल काठे पुल निर्माण गरी बजारीकरणलाई थप



Scanned by CamScanner

प्रश्रय पाएको छ । फक्ताङलुङ गाउँपालिकाको सिंवा बजार क्षेत्रमा चार वटा सौर्य सडक बत्ती जडान गरी बजार क्षेत्रलाई थप व्यवस्थित बनाउने प्रयास गरिएको छ ।

(घ) वातावरण तथा विपद व्यवस्थापनः- विकास सँगै हुने वन जंगलको विनास रोक्न समन्वयमा जोड दिएको छ । यो गाउँपालिका विपद जोखिम संवेदनशिल रहेको कारण आकस्मिक राहत व्यवस्थापनका लागि न्यूनतम रु. ५ लाख राशीको विपद कोष खडा गरी कार्य हुँदै आएको छ । अवरुद्ध सडकलाई तत्कालै स्काभेटर प्रयोग गरी सडक आवतजावत तथा जनजीवनलाई सामान्यीकरण गर्ने कार्यमा सफलता मिलेको छ ।

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासनः- पारिदर्शिता तथा जवाफदेहिता अभिवृद्धिका हाल डिजिटल भिलेज प्रोफाइल तयारीको क्रममा रहेको अवस्था छ । आगामी आ.व.मा पूर्ण रुपमा कार्यान्वयनमा आउने विश्वास लिएका छौं । सुचना प्रविधि अधिकृतको व्यवस्था मार्फत प्रविधिको उपयोगमा जोड दिइएको तथा गाउँ प्रवक्ताको व्यवस्था मार्फत गाउँका सम्पूर्ण निर्णयहरु सार्वजनिकीकरण गर्ने पद्धतिको अभ्यास गरिएको छ ।

(च) पर्यटन, संस्कृति र खेलकुदः- यस गाउँपालिकाले पाथिभरा मन्दिर क्षेत्रमा मुकुमलुङ माङहिम मन्दिर निर्माण सम्पन्न भएको छ । घुन्सा र खाम्बाचेन पदमार्गमा पर्ने घुन्सा नदीमा छुयोसेर झोलुङ्गे पुल निर्माण सम्पन्न भएको साथै सेखाथुम-ढाङग्याम क्षेत्रमा नयाँ पदमार्ग खोली निर्माण कार्य भइरहेकोले पर्यटकीय पदमार्ग थप व्यवस्थित र सरल भएको छ ।

**आदरणीय गाउँ सभाका अध्यक्ष तथा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

(क) स्थानीयवासीका अधिकारका रुपमा रहेका आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै जीवनस्तरमा गुणात्मक सुधार गर्ने, सो का लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक र कृषि, पशु, पर्यटन लगायतका आर्थिक पूर्वाधार विकास, स्थानीय रणनैतिक महत्वका भौतिक पूर्वाधार संरचनाको विकास तथा निर्माण र अधुरा योजनाहरुको कार्यान्वयन,

(ख) स्रोत-साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न संघ, प्रदेश र स्थानीय तह तथा सहकारी र निजी क्षेत्रबीच सहकार्यलाई प्राथमिकता निर्धारण गरेको छु ।

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा कार्यक्रम उल्लेख गर्न चाहन्छु।

<u>क्षेत्रगत नीति तथा आधारहरु</u>

**आर्थिक विकास क्षेत्रः-**



Scanned by CamScanner

(क) **कृषि विकासः-** अधिकांश फक्ताङलुङ गाउँवासीको परम्परागत पेशा कृषि भएकोले यसलाई निर्वाहमुखीबाट व्यवसायिक बनाउँदै लैजाने, परम्परागत श्रम र सीपको उपयोग गर्दै आधुनिक उपकरण र प्रविधि अपनाउने, कृषि प्रसार तथा प्राविधिकहरुको सेवालाई कृषकको पहुँचमा पुऱ्याउने नीति अपनाइने छ । गाउँलाई क्रमशः तरकारीमा आत्मनिर्भर बनाउन स्थानीय कृषक समुहहरुको अगुवाइमा पकेट तथा ब्लकहरुको अनुदानको व्यवस्था गरी निरन्तरता र विस्तार गरिनेछ । सो का लागि रु.३६ लाख बजेट विनियोजन गरेको छु ।

(ख) **पशुपंक्षी विकासः** गाउँलाई मासु तथा दुग्ध पदार्थमा आत्मनिर्भरता हासिल गर्न लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था गरिने छ । यस कार्यक्रम अन्तरगत सबै वडाहरुमा मासुजन्य तथा दुधजन्य पदार्थहरुको पशुपालनमा प्रोत्साहन गर्न उन्नत जातका पशुहरु वितरण, नश्ल सुधार, घाँस विकास लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । सो का लाग रु.४० लाख बजेट विनियोजन गरेको छु ।

(ग) **पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमः** फक्ताङलुङ गाउँपालिकाका पर्यटकीय स्थलहरुको स्थानमा यातायातको पहुँच पुऱ्याउनुका साथै सम्भावित पर्यटकीय स्थलहरुमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । सेखाथुम लामाटार थाङगेम हुँदै घुन्सा कञ्चनजंघा बेसक्याम्प सम्म पर्यटकीय पदमार्ग निर्माण गरिनेछ । रानीपुल, यासाङ, तोरङदेन हुँदै कञ्चनजंघा बेसक्याम्प सम्म पर्यटकीय पदमार्ग निर्माण गरिनेछ । घुन्सा-ओ.चुङगोला सर्किट बनाइ पर्यटकीय पदमार्ग निर्माण गरिनेछ ।

(घ) **सहकारी विकासः-** गाउँपालिका भित्रका सम्पूर्ण सहकारीहरुलाई लेखा प्रणाली व्यवस्थापन तथा क्षमता अभिवृद्धि तालिमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**सामाजिक विकासः-**

(क) **शिक्षा क्षेत्रः-** आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । यस क्रममा फक्ताङलुङ गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा मातृभाषामा शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्न आवश्यकता अनुसार भाषा शिक्षण कार्यक्रम(आनिपान) सञ्चालन लाइ सेवा सुविधा निरन्तरता दिइएको छ । सोका लागि प्रत्येक विद्यालयमा भाषा शिक्षकको लागि मासिक रु.८,०००।- को व्यवस्था गरिएको छ ।

त्यस्तै गाउँपालिका भित्रका विद्यालयहरुमा दरबन्दीमा कार्यरत तथा गाउँपालिकाबाट सञ्चालित बाल बिकास केन्द्रमा शिक्षण गराइरहनुभएका बाल विकास शिक्षिकाहरुको मासिक तलबमा रु.२,०००।- थप गरी रु.८,०००।- पुऱ्याउने व्यवस्था गरिनेछ । फक्ताङलुङ गाउँपालिका अन्तर्गत आधारभूत तह कक्षा १-३ सम्म सञ्चालन भएका विद्यालयहरुका प्रधानाध्यापकहरुको



Scanned by CamScanner

मासिक प्रोत्साहन भत्ता रु.५००।-, आधारभूत तह कक्षा १-८ सम्म सञ्चालन भएका विद्यालयहरुका प्रधानाध्यापकहरुको मासिक प्रोत्साहन भत्ता रु.१,०००।- र माध्यमिक तह कक्षा १-१२ सम्म सञ्चालन भएका विद्यालयहरुका प्रधानाध्यापकहरुको मासिक प्रोत्साहन भत्ता रु.१,५००।- उपलब्ध गराउने व्यवस्था गरेको छु । साथै विद्यालयको दरवन्दीमा कार्यरत कार्यालय सहयोगीहरुको लागि प्रोत्साहन स्वरुप मासिक रु.१,००० भत्ता उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यायहरुले आगामी आ.व.मा अनिवार्य रुपमा विद्यार्थीहरुको लागि कोचिङ्ग कक्षा सञ्चालन गर्नुपर्ने तथा सोका लागि गाउँपालिकाबाट प्रत्येक विद्यालयमा आधारभूत तह कक्षा १ देखि ३ सम्म भएका विद्यालयहरुमा वार्षिक रु.२५,०००।-, आधारभूत तह कक्षा १ देखि ५ सम्म भएका विद्यालयहरुमा वार्षिक रु.५०,०००।-, आधारभूत तह कक्षा १ देखि ८ सम्म भएका विद्यालयहरुमा वार्षिक रु.१,००,०००।- र माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुलाई वार्षिक रु.१,५०,०००।- नगद अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

त्यस्तै चालु आ.व.देखि कार्यान्वयनमा आएको फक्ताङलुङ गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट कक्षा १० को एस.इ.इ. परीक्षामा उत्कृष्ट अङ्क ल्याउने दुई जना छात्र र दुई जना छात्रालाई उच्च शिक्षा अध्ययन गर्न तथा प्रोत्साहन स्वरुप जनही रु.२५,०००।- तथा आधारभूत तह कक्षा-८ को वार्षिक परीक्षाको नतिजामा उत्कृष्ट अंक ल्याउने १ जना छात्र र १ जना छात्रालाई जनही रु.१५,०००।- प्रोत्साहन स्वरुप उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

यसै गरी जुनसुकै दलित विद्यार्थीलाई शिक्षाबाट बञ्चित हुन नदिन यस गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालयमा कक्षा ११ भर्ना गरी ६० प्रतिशत भन्दा बढी हाजिरी उपस्थिति भई विद्यालयमा नियमित अध्ययन गर्ने गैर-फक्ताङलुङवासी विद्यार्थी समेतलाई अध्ययन खर्च तथा प्रोत्साहन स्वरुप जनही रु.१५,०००।- उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

प्रत्येक विद्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाउन आवश्यक बजेट व्यवस्था विनियोजन गरेको छु । विद्यालयहरुमा अध्यापन गराइरहनुभएका शिक्षक-शिक्षिका हरुलाई क्षमता अभिवृद्धि तालिमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

फक्ताङलुङ गाउँपालिका भित्र जिर्ण रहेका विद्यालयहरुको भवन पुननिर्माणमा विशेष बजेटको व्यवस्था मिलाइनेछ । साथै गाउँपालिका भित्रका शैक्षिक पूर्वाधार निर्माणका लागि रु.३६ लाख २० हजार बजेटको व्यवस्था गरेको छु ।

(ख) **स्वास्थ्य क्षेत्रः-** चालु आ.व.मा गत चैत्र देखि कार्यान्वयनमा रहेको फक्ताङलुङ गाउँपालिका भित्रका गर्भवती महिलालाई सुरक्षित प्रसुती गराउन निःशुल्क रुपमा बर्थिङ्ग सेन्टरसम्म पुऱ्याउन गर्भवती



Scanned by CamScanner

महिलाले आफ्नो नजिकको बर्थिङ सेन्टरमा गई प्रसुती गराएमा निज सुत्केरी महिलालाई गाउँपालिकाको वडा नं. ६ को घुन्सा, ग्याब्ला र फले तथा वडा नं. ७ का गर्भवती महिला भए जनही रु.१०,०००।- र अन्य वडा तथा उल्लेखित क्षेत्र बाहेकका भए जनही रु.७,०००।- पोषण, खाना तथा आवतजावत खर्च स्वरुप गाउँपालिकाले उपलब्ध गराउने कार्यलाई निरन्तरता दिई सो का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । आमा र बच्चाको पोषण सुनिश्चित गर्न बाल स्वास्थ्य तथा पोषण सुधार कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । यस अन्तर्गत गर्भवती महिलाहरुको बच्चाको स्वास्थ्य परीक्षण गर्न भिडियो एक्स-रे मेसिन(पोर्टेबल) खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । साथै प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीलाई कम्प्युटर तथा प्रिन्टर उपलब्ध गराइनेछ ।

आधारभूत स्वास्थ्य सेवा पूर्वाधार नभएको फक्ताङलुङ गाउँपालिका वडा नं. ३ स्थित हाल खोप केन्द्र भएको साविक वडा नं. ४ स्थित लिङखिममा सामुदायिक स्वास्थ्य इकाई र हाल खोप केन्द्र भएको हेल्लोकमा र लेलेप लुङथुङमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिनेछ ।

यसै क्रममा सामुदायिक स्वास्थ्य इकाइहरुमा कार्यरत कर्मचारीहरुको लागी प्रोत्साहन स्वरुप मासिक तलब, भत्ता रु.२०,०००।- उपलब्ध गराउने व्यवस्था गरेको छु । सो का लागि सशर्त अनुदान तर्फको सामुदायिक स्वास्थ्य इकाइ स्थापना तथा संचालन खर्चमा विनियोजित रु.१० लाखबाट नपुग्ने भएमा थप व्ययभार गाउँपालिकाले आवश्यक बजेटको व्यवस्था गरेको छु ।

त्यसै गरी गाउँपालिका स्थित बर्थिङ सेन्टरलाई प्रभावकारी बनाउन बर्थिङ सेन्टरमा कार्यरत करार अ.न.मी.हरुलाई आगामी आ.व.देखि मासिक तलब, भत्ता रु.२२,०००।- उपलब्ध गराउने र पोशाक भत्ता समेतको व्यवस्था गरेको छु । सोका लागि सशर्त अनुदान तर्फको मातृ तथा नवशिशु कार्यक्रमका लागि व्यक्ति करारमा विनियोजित रु.७,९८,०००।-बाट नपुग्ने भएकोले थप व्ययभार गाउँपालिकाले आवश्यक बजेटको व्यवस्था गरेको छु ।

फक्ताङलुङ गाउँपालिका अन्तर्गत सबै स्वास्थ्य संस्था, सामुदायिक इकाइहरुलाई वार्षिक रु.२४,०००।- का दरले कार्यालय सञ्चालन अनुदान रकम उपलब्ध गराउने व्यवस्था गरेको छु ।

फक्ताङलुङ गाउँपालिका भित्र स्वास्थ्य सेवालाई सहज, सरल र समन्वय तथा सबैको पहुँचमा पुऱ्याउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप वार्षिक रु.५०० थप गरी रु.६,५००।- उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने उद्देश्यले महिला, दलित, ज्येष्ठ नागरिक तथा बालबालिकाहरुका लागि एकीकृत घुम्ती शिविर मार्फत निःशुल्क उपचारको व्यवस्था मिलाइने छ ।

यसै गरी गाउँपालिका भित्रका स्वास्थ्य पूर्वाधार तर्फ रु.४८ लाख बजेटको व्यवस्था गरेको छु ।



Scanned by CamScanner

(ग) **युवा तथा खेलकुदः** युवाहरुले व्यवसायिक नेतृत्व लिने गरी क्षमता अभिवृद्धि र सूचनामा पहुँचमा अभिवृद्ध गरिनेछ । आगामी आ.व.लाई युवा परिचालन वर्षको रुपमा घोषित गरेको परिप्रेक्ष्यमा यस फक्ताङलुङ गाउँपालिकामा युवा परिचालन मार्फत मानवीय सेवा, विपद् व्यवस्थापन, वातावरण संरक्षण र वृक्षारोपण जस्ता कार्य गरिनेछ । गाउँपालिका स्तरीय रंगशालाको लागि फक्ताङलुङ-२, खेजेनिममा रंगशाला निर्माण गरिनेछ । गाउँपालिका भित्रका युवा तथा खेलकुद सम्बन्धी योजना तथा कार्यक्रमहरु तर्फ **रु.५३ लाख १० हजार** बजेटको विनियोजन गरेको छ ।

(घ) **लैङ्गिक समानता, महिला विकास तथा सामाजिक समावेशीकरणः-** राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक महिला मैत्री कार्यक्रम सञ्चालन गरिने छ । महिलाको श्रमको सदुपयोग र समयको बचत गर्ने प्रविधिको प्रयोगमा जोड दिदै सामाजिक चेतना, जागरण, सशक्तिकरण र आर्थिक रुपान्तरण गर्न महिलाको उद्यमशीलता विकास गरिनेछ । सो का लागि यस गाउँपालिका भित्रका स्थानीय ८५ वर्ष उमेर कटेका वृद्धवृद्धालाई आगामी आ.व.मा गाउँपालिकाको तर्फबाट थप मासिक रु.१,०००।- उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइएको छ । महिला, बालबालिका र जेष्ठ नागरिकतर्फ रु.२५ लाख विनियोजन गरेको छ । साथै गाउँपालिका अन्तर्गतका योजना तथा कार्यक्रमहरुको सञ्चालन तर्फ **रु.४२ लाख ९० हजार** बजेटको व्यवस्था गरेको छ ।

(ङ) **खानेपानी तथा सरसफाइः-** यस गाउँपालिका भित्र स्वच्छ खानेपानीको पहुँच पुऱ्याउन आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

(च) **संस्कृति प्रवर्द्धनः-** यस फक्ताङलुङ गाउँपालिकामा मुलतः लिम्बु जातिहरुको बाहुल्यता रहेकोले सो को संस्कृति झल्काउने तथा संरक्षण, संवर्द्धनका लागि आवश्यक बजेटको विनियोजनको व्यवस्था गरेको छ ।

**<u>पुर्वाधार विकास</u>**

(क) **सडक पूर्वाधारः-** वडाहरुबीच भौगोलिक आवद्धता कायम गर्न, कृषि तथा पशुपालनको विकास गर्न, जनजीवन सहज गर्न र यातायातको पहुँचमा सघाउ पुग्ने गरी सडक क्षेत्रमा उल्लेख्य रुपमा बजेट विनियोजन गरेको छ । सडक तर्फ गाउँपालिकाको गौरवको आयोजना अन्तर्गत **मामाङखे-सुङजा-इखाबु सडक** निर्माण र **इखाबु-सेगुङवा-साप्चङवा-पाटीडाँडा सडक** निर्माणका लागि आवश्यक बजेटको विनियोजन गरेको छ । विभिन्न वडाहरुमा छ महिनासम्म सवारी साधनको पहुँच पुऱ्याउन तमोर नदीमाथि होम पाइप लगाइ सवारी साधन आवतजावत गर्ने व्यवस्था गरिनेछ । आ.व. २०७४/७५ र ०७५/७६ मा निर्माण गरिएका सडकहरु मर्मत गरी सवारी साधन सञ्चालनमा ल्याइनेछ । मार्गेम-हेल्लोक-यासाङ सडक निर्माणको लागि अन्य दातृ निकाय सँग साझेदारीमा सडक निर्माण गरिनेछ । ओ.चुङगोला लोकमार्गलाई सम्पन्न गर्नका लागि संघीय सरकार समक्ष आवश्यक बजेटको व्यवस्था



Scanned by CamScanner

गर्नको लागि उपयुक्त कदम चालिनेछ । गाउँपालिका भित्रका सडक निर्माण तथा मर्मतका लागि रु.४ करोड ६० लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

(ख) **भवन पूर्वाधार:-** फक्ताङलुङ गाउँपालिका स्थित वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक बजेटको विनियोजन गरेको छु । साथै गाउँपालिका भित्र भवन पूर्वाधारको लागि **रु.१ करोड ४७ लाख** बजेट विनियोजन गरेको छु ।

(ग) **सूचना तथा सञ्चार प्रविधि:-** गाउँपालिकामा सञ्चार सम्पर्कको सरलीकृत गर्न तथा इन्टरनेटको आवश्यक व्यवस्था गर्न रु.१० लाख बजेट विनियोजन गरेको छु ।

(घ) उर्जा:- सौर्य उर्जा विद्युत् प्रणालीलाई महत्व दिइ फक्ताङलुङ गाउँपालिका भित्रका बर्थिङ सेन्टरमा सौर्य विद्युत् प्रणाली जडान गरी चौबिसै घण्टा उज्यालो प्रदान गरी कार्यमा सहजता ल्याउन आवश्यक व्यवस्था गरिनेछ । गरीब घर परिवारलाई विद्युत् प्रणालीबाट वञ्चित हुन नदिन आवश्यक व्यवस्था गरिनेछ । यसका लागि गाउँपालिका अन्तर्गतका योजनाहरुमा **रु.२१ लाख** बजेट विनियोजन गरेको छु ।

(ङ) खानेपानी निर्माण, मर्मत तथा सिंचाइ: फक्ताङलुङ गाउँपालिका भित्र कृषि क्षेत्रलाई बढावा दिन आवश्यक सिंचाइ पूर्वाधार निर्माण गरिनेछ । साथै खानेपानी निर्माण, मर्मत तथा सिंचाइ समेतलाई ध्यानमा राखी सो का गाउँपालिका भित्रका योजनाहरुको लागि **रु.७९ लाख ५० हजार** बजेट विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकास:**

शासकीय स्वच्छता र सुशासन प्रवर्द्धनलाई सर्वोपरी प्राथमिकतामा राखी सबै क्षेत्रमा सदाचार पद्धति अवलम्बन गरिनेछ । सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा आमूल परिवर्तन गर्न कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । कार्यपालिकाको यथार्थ जानकारी पाउन सक्ने परिपाटीको विकास गर्न पदाधिकारीहरुलाई सूचना प्रविधि मैत्री तालिमको व्यवस्था गरिनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन:**

दिगो विकास एवं विपद् पूर्व तयारीका लागि वातावरणीय सचेतनाका कार्यक्रमहरु संचालन गरिने छ । गाउँपालिका भित्र विपद् व्यवस्थापनका आवश्यक बजेट रु.१० लाख विनियोजन गरेको छु । यस्तै भू-संरक्षण योजनाको लागि रु.१२ लाख बजेटको व्यवस्था गरेको छु । फक्ताङलुङ गाउँपालिकाको वडा नं. ६ लेलेप साविक लेलेप वडा नं. १ साघु टोलको असिना पीडित स्थानीयवासीको लागि आयआर्जन मूलक कार्यक्रम सञ्चालनको लागि विशेष बजेटको व्यवस्था गरेको छु ।

**आदरणीय गाउँसभा अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरु,**



Scanned by CamScanner

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकारबाट प्राप्त राजस्व, वित्तीय समानीकरण र सशर्त अनुदान तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण, सवारी साधन करको बाँडफाँडको हिस्सा र आन्तरिक राजस्व तर्फको बजेट रकमबाट व्यहोरिनेछ ।

प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने गाउँपालिका अध्यक्ष, कार्यपालिका सदस्यहरु, कर्मचारी वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमा गर्दा सुझाव दिनु हुने राजनीतिक दलका नेता, निजी क्षेत्र तथा फक्ताङलुङ वासी र नागरिक समाजका अन्य व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

आगामी वर्षको यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । साथै गाउँपालिका भित्र र बाहिर तथा विदेशमा रहनु भएका सबै फक्ताङलुङवासीलाई सवल, समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माणको यस यात्रामा सहभागी हुन हार्दिक आव्हान गर्दछु ।

धन्यवाद !
प्रस्तुत गर्ने
उपाध्यक्ष
फक्ताङलुङ गाउँपालिका
मिति २०७६/०३/२० गते

अनुसूचीहरु

आर्थिक वर्ष २०७६/७७ को कुल बजेट(रु.हजारमा)

| क्र.सं. | स्रोतको प्रकृति | संघ रकम | प्रदेश रकम | फक्ताङलुङ गा.पा. | जम्मा |
|---|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण | ९२५०० | ६७९६ | ० | ९९२९६ |
| २ | राजश्व बाँडफाँड | ७६७०० | ५५४० | ० | ८२२४० |
| ३ | सशर्त अनुदान | १३२८०० | | | १३२८०० |
| ४ | आन्तरिक आय | | | २५०० | २५०० |
| ५ | अनुमानित अ.ल्या. | | | १२३०० | १२३०० |
| | कुल बजेट | ३०२००० | १२३३६ | १४८०० | ३२९१३६ |



Scanned by CamScanner